71-07 Woodside Ave.
Woodside, NY 11377
(718) 937 - 1117

**यथाशीघ्र प्रकाशनका लागि**
फेब्रुअरी ११, २०१९
सञ्चारका लागि सम्पर्क : प्रार्थना गुरुङ, 347-709-3330; prarthana@adhikaar.org

# होन्डुरस र नेपालका टीपीएस् प्राप्त गरेका ब्यक्तिहरूले १००,००० मानिसहरूको गैरन्यायिक निस्कासन रोक्नका लागि ट्रम्प प्रशासनका विरुद्ध मुद्दा दायर

## टीपीएस् सुविधाको कटौति, जातिवादी सोचबाट अभिप्रेरित, यसले परिवारहरूलाइ खलबल्याउनेछ

**सान फ्रान्सिस्को-** होन्डुरस र नेपालका गरी १००,००० जना सबै टीपीएस् प्राप्त ब्यक्तिहरूको गैरकानुनी तरीकाले टीपीएस् खारेज गर्न लागेको र टीपीएस पाएकाहरूबाट जन्मेका दशौं हजार अमेरिकन बालबालिकाहरूलाइ उनीहरूको परिवारबाट छुट्याउनबाट रोक्नका लागि अस्थायी संरक्षणको हैसियत (टीपीएस्) पाएका ६ जना वयस्क र उनीहरूबाट जन्मेका २ जना अमेरिकन नागरिक बच्चाहरूले आज संयुक्त रूपमा क्लास एक्सनको मुद्दा दायर गरेका छन् । यो मुद्दा क्यालिफोर्निया राज्यको नर्दन डिस्ट्रिक्टमा रहेको संयुक्त राज्य अमेरिकाको जिल्ला अदालतमा दायर गरिएको छ । यो मुद्दाका पक्षहरूलाइ दक्षिणी क्यालिफोर्नियामा रहेको एसीएलयू, एसियन अमेरिकन्स एडभान्सिंग जस्टिस-एसियन ल ककस, एसियन अमेरिकन्स एडभान्सिंग जस्टिस् - लस एन्जेलस्, द नेसनल डे लेवोरर अर्गनाइजिंग नेटवर्क, र सिड्ले अस्टिन जस्ता संस्थाहरूले प्रतिनिधित्व गरेका छन् । [फाइलिंग गरेको उजुरी यहाँ पढ्नुहोस्]

अक्टुवर २०१८ मा सुडान, निकारागुवा, हैटी र एल साल्भाडोरलाइ दिएको टीपीएस् सुविधा हटाइएकोमा अदालतले त्यसलाइ रोकिदियो । जातिगत आधारमा प्रेरित भएर टीपीएस् हटाइएको र सो गर्दा प्रशासनिक कार्यविधि ऐन (एडमिनिस्ट्रेटिभ प्रोसिजर एक्ट) उल्लंघन भएको कुराको सारभूत किसिमको प्रमाण अदालतले पायो । यिनै माथिका देशका हकमा प्रयोग भएका कमजोर कानुनका आधारमा होन्डुरस र नेपालको टीपीएस् पनि खारेज गर्दा अन्याय हुने भएकोले यस्ता कानुनलाइ आधार मानेर टीपीएस् खारेज गर्नुहुँदैन भनेर यो "भट्टराइ विरुद्ध नेल्सन " भएको मुद्दामा वादीहरूले आरोप लगाएका छन् । यसरी टीपीएस् खारेज गर्नाले टीपीएस् पाएकाहरूबाट जन्मिएका अमेरिकन नागरिक बच्चाहरूलाइ आफ्नो देश वा आफ्ना

बाबुआमा मध्ये एक रोज्नु पर्ने हुन्छ जुन कुरा संविधान विपरीत हुन जान्छ भनेर वादीहरूले यो मुद्दमा थप आरोप लगाएका छन्।

अधिकार संस्थाका सदस्य तथा टीपीएस् पाएका नेपाली **वादी केशवराज भट्टराइ** भन्छन्," म जस्ता टीपीएस् भएका अन्य नेपाली समेतका लागि गरिएको यो मुद्दामा सहभागी हुन पाउँदा म ज्यादै गैरव महशुस गरेको छु । टीपीएस् पाएर मैले भरपर्दो काम पाएको छु र  मेरो परिवारका साथ नयाँ जीवन जीउन सक्षम भएको छु । टीपीएस् हट्दाको अवस्थामा धेरै मानिसको जीवन जोखिममा पर्न जाने अनि कडा परिश्रम गर्ने कामदारहरू र अन्य मानिसहरूलाइ यो देशले हानी पुर्याउन सक्नेछ भन्ने कुरा जब मैले देख्छु अनि मलाइ पीडा हुन्छ । यो देशलाइ मद्दत गर्नका लागि म काम गरिरहन चाहन्छु साथसाथै विगतको भूकम्पबाट अहिले पनि तंग्रिदै गरेको नेपालको पुननिर्माणमा पनि सहयोग गरिरहन चाहन्छु ।"

आज दायर गरिएको उजुरीमा के आरोप लगाइएको छ भने डिपार्टमेन्ट अफ् होमल्याण्ड सेक्युरिटीमा राजनीतिक नियुक्ति पाएर काम गरिरहेका ब्यक्तिहरूले अमेरकाका राजदूतहरूले दिएका सुझावहरू र सम्बन्धित देशको वास्तविक यथार्थलाइ जानाजान नजरअन्दाज गरेर होन्डुरस र नेपालको टीपीएस् खारेज गरे । उनीहरूले राष्ट्रपति ट्रम्पको "पहिले अमेरिका" भन्ने नीतिलाइ पहिला अगाडि सारेर टीपीएस् खारेज हुनै पर्छ भन्ने सोचाइ लिए । यो नीतिले सेता जाति नभएका (नन्-ह्वाइट्स्) र गैर युरोपीयन मूलका आप्रवासीहरूलाइ निकाला गर्ने कुरा गर्छ । ल्याटिन अमेरिकन र दक्षिण एसियाका देशहरू र त्यहाँबाट आएका आप्रवासीहरूका विरुद्ध राष्ट्रपति ट्रम्पका बारम्बारका जातिबादी भनाइहरूलाइ पनि यो उजुरीमा राखिएको छ । राष्ट्रपति ट्रम्पले उनीहरूलाइ सर्पहरू र जनावरहरू भनेको, नेपाल देशको नामलाइ "निप्पल" भनेको अनि भारतीय प्रधानमन्त्रीको बोल्ने शैलीलाइ नक्कल गरेर ठट्टा गरेको जस्ता कुराहरू यो उजुरीमा छन् ।

पेन्टर्स युनियन (IUPAT DC21) संस्थाका सदस्य तथा टीपीएस् पाएका होन्डुरसका  **वादी डोनाल्डो पोसाडास् सेसेरेस्** भन्छन्," म यो मुद्दामा मेरी छोरी र मेरा लागि मात्र भनेर सहभागी भएको हैन तर टीपीएस् हटाइँदा असर पर्न सक्ने प्रत्येकका लागि भनेर सहभागी भएको हुँ । हाम्रा बच्चाहरूलाइ यहाँको जीवन वा उनीहरूले चिन्दै नचिनेको ठाउँको जीवन छान्न बाध्य पारिने कुरा पक्षपातपूर्ण छ । हामी सबै जनालाइ खतरापूर्ण अनि अस्थिरतामा पठाउनु अन्यायपूर्ण हुन्छ । विगत दुइ दशकदेखि यो देशको युनियन पेन्टरमा लगातार रहन पाउनुमा म गर्व गर्छु अनि यो सबै कुरा खोसिएको देख्दा मैले राम्रो मान्दिनँ ।"

एनडीएलओएन (NDLON) का सह-लिगल डाइरेक्टर **जेसिका वंशल**ले भन्नुभयो," मानवीय हिसावमा दिइने टीपीएस् कार्यक्रमलाइ ट्रम्प प्रशासनले गैरकानुनी हिसावले हटाउन खोजिरहेको छ तर कुरा के छ भने टीपीएस् पाएकाहरू यस्तो

71-07 Woodside Ave.
Woodside, NY 11377
(718) 937 - 1117

गैरकानुनी काम हुन नदिनका लागि लडिरहेका छन् । उनीहरूले यसभन्दा अघि पनि टीपीएस् पाएका हजारौं मानिसहरूलाइ अस्थायी रूपमै भए पनि निकाला गर्ने काम रोक्न सफल भए । आजको उजुरी मार्फत पनि हजारौं संख्याका मानिसहरलाइ संरक्षण गर्न खोजेका छन् ।"

विभिन्न संस्थाहरूमा रहेर टीपीएसलाइ जोगाउन अदालतदेखि कंग्रेससम्म लडिरहेका सदस्यहरू आजको मुद्दाका वादी पक्षहरू हुन् । यी संस्थाहरूमा अधिकार, द इन्टरनेशनल युनियन अफ् पेन्टर्स एन्ड एलाइड ट्रेड्स (IUPAT), नेशनल टीपीएस् एलाइन्स रहेका छन् ।

एडभान्सिंग जस्टिस-एसियन ल ककसका स्टाफ एटर्नी **जेनी झाव**ले भनिन्, "टीपीएस् पाएका होन्डुरस र नेपालका ब्यक्तिहरू, उनीहरूका परिवारजनहरू र समुदायलाइ अकल्पनीय हानी पुर्याउनु अगावै दिइएको टीपीएस् रोक्ने ट्रम्प प्रशासनको योजनालाइ रोक्नै पर्छ ।”

एसियन अमेरिकन्स एडभान्सिंग जस्टिस्-लस एन्जेलसकी वकील **मिन्जु चो**ले भनिन्, "टीपीएस् पाएकाहरू समुदायका लागि महत्वपूर्ण सदस्यहरू हुन् । उनीहरू हजारौं अमेरिकन बच्चाहरूका बाबुआमाहरू हुन् । आफ्नो परिवार र परिवारका सदस्यहरूलाइ लालनपालन गर्नका लागि काम गर्न सक्षम हुन टीपीएस् पाउनु ज्यादै महत्वपूर्ण कुरा हो । टीपीएस् हटाउने ट्रम्प प्रशासनको असंवैधानिक प्रयासका विरुद्ध कानुनी लडाइ लडिरहेका समुदायका पक्षमा उभिन पाउँदा हामी गैरवान्वित भएका छौं ।

एसीएलयू (ACLU) अफ सदर्न क्यालिफोर्नियाका सिनियर काउन्सेल **अहिलान आरूलानाथम**ले भन्नुभयो," ट्रम्प प्रशासनले गैरकानुनी हिसाबले टीपीएस् लाइ छिन्नु भन्दा अगाडि नै यी साहासी अमेरिकन नागरिक बालबच्चा र उनीहरूका बाबुआमालाइ प्रतिनिधित्व गर्न पाउँदा हामीलाइ गर्व लागेको छ । यी बच्चाहरूले कानुनको उचित प्रक्रिया अपनाउनु पर्ने अधिकारलाइ आफ्नो सरकारले सम्मान मात्र गरोस् भनेर भनेका छन् । अदालतले कानुनको शासनलाइ कायम राख्नेछ साथै उनीहरूले पाउने यथोचित संरक्षण प्रदान गर्नेछ ।"

उजुरीको व्यहोरा यहाँ पढ्नुहोस् **:-**

###